मिति : २०७५।१०।०६ आईतवार

समय : विहान : ७:४५ बजे

स्थान : पनौती न.पा. भवन

आज मिति २०७५ साल माघ ०६ गते आईतवारका दिन पनौती नगरपालिकाका प्रमुख श्री भीम न्यौपानेज्यूको अध्यक्षतामा पनौती नगर कार्यपालिकाको ५३ औं बैठक बस्यो, बैठकमा देहाय बमोजिमको उपस्थिति रहयो ।

उपस्थिति

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री भिम न्यौपाने | प्रमुख | द.ख. |
| २ | श्री गिता बन्जारा | उप प्रमुख | - |
| ३ | श्री गुणनाथ सापकोटा | वडा अध्यक्ष वडा नं. १ | - |
| ४ | श्री पुरूषोत्तम अधिकारी | वडा अध्यक्ष वडा नं. २ | द.ख. |
| ५ | श्री किशोर थापा | वडा अध्यक्ष वडा नं. ३ | द.ख. |
| ६ | श्री बुद्धसिंह थापा | वडा अध्यक्ष वडा नं. ४ | द.ख. |
| ७ | श्री श्रीधर पाध्या कुईकेल | वडा अध्यक्ष वडा नं. ५ | द.ख. |
| ८ | श्री सुधिर सापकोटा | वडा अध्यक्ष वडा नं. ६ | द.ख. |
| ९ | श्री रामचन्द्र नास्नानी | वडा अध्यक्ष वडा नं. ७ | द.ख. |
| १० | श्री केशव बन्जारा | वडा अध्यक्ष वडा नं. ८ | द.ख. |
| ११ | श्री शहकुलकुमार हुमागाई | वडा अध्यक्ष वडा नं. ९ | द.ख. |
| १२ | श्री मोहनबहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १० | द.ख. |
| १३ | श्री तारामान लामा | वडा अध्यक्ष वडा नं. ११ | द.ख. |
| १४ | श्री इश्वरराज जंगम | वडा अध्यक्ष वडा नं. १२ | द.ख. |
| १५ | श्री चण्डिका परियार | न.का.पा.स. | द.ख. |
| १६ | श्री निला अधिकारी | न.का.पा.स. | द.ख. |
| १७ | श्री भवानी विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १८ | श्री राधिका विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १९ | श्री सिता श्रेष्ठ | न.का.पा.स. | द.ख. |
| २० | श्री केवल रम्तेल | न.का.पा.स. | द.ख. |
| २१ | श्री मदन विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| २२ | श्री रामकाजी पहरी | न.का.पा.स. | द.ख. |
| २३ | श्री बिजयराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत | द.ख. |
| २४ | श्री इन्द्रप्रसाद अधिकारी | बरिष्ठ प्रशासकीय अधिकृत | द.ख. |
| २५ | श्री केशव कर्माचार्य | खरिदार | द.ख. |

निर्णय प्रतिलिपि उतार

इन्द्रप्रसाद अधिकारी
बरिष्ठ प्रशासकीय अधि

**प्रस्तावहरू**

१. नगर सभाको मिति तोक्ने सम्बन्धमा ।

२. अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि,२०७५ सम्बन्धमा ।

३. चक्रपथ निर्माण सम्बन्धमा ।

४. समपुरक कोषबाट रकम ब्यहोर्ने सम्बन्धमा ।

५. जग्गा ब्यवस्थापन सम्बन्धमा ।

६. योजना संशोधन सम्बन्धमा ।

७. विविध :

विजय राज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरू :**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस नगरपालिकाको चौथो नगर सभा मिति २०७५।१०।२४ देखि नगरपालिका हलमा सुरू गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा यस नगरपालिकाको विधायन समितिबाट सिफारिश भई आएको अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस नगरपालिकाको अधिकांश क्षेत्र समेटने गरी बैज्ञानिक ढंगले चक्रपथ निर्माण आवश्यक भएकोले सो का लागि आयोजनाको भैपरि आउने शिर्षकबाट निम्न बूंदालाई आधारमानी संभाव्यता एवं सर्भे डिजाइन गराउने निर्णय गरियो ।

**निम्न :**

| | |
|---|---|
| १. अमिलचौर | २. गुर्दुम |
| ३. खानीडाँडा | ४. लठाभज्याङ्ग |
| ५. लाकुरीभज्याङ्ग | ६. रानीकोट |
| ७. पञ्चकन्या | ८. बाउसेवन |
| ९. चामखर्क | १०. सल्ले |
| ११. धनेश्वर | १२.बतासे डाँडा |
| १३. ध्याङ्गडाँडा | १४. बल्थली |
| १५. अमिलचौर | |

निर्णय प्रतिलिपी उतार
२०७५।१०।०५

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा नगर कार्यपालिका बैठकको मिति २०७५।०९।१६ को निर्णयानुसार साझेदारी कार्यक्रमबाट संचालन गर्ने गरी स्वीकृत भएको पनौती नगरपालिका वडा नं. ३ स्थित कुशादेवी घिमिरे पुल वडारे मोटरबाटो जम्मा रू. १० (दश) लाखको हुनुपर्नेमा रू. ४ (चार) लाख कायम भई नगरपालिकाबाट रू. २,४०,०००।- विनियोजन भएकोमा उक्त आयोजनामा ६०/४० को अनुपात ब्यहोर्दा नपुग हुन आउने रकम रू. ३,६०,०००।- समपुरक कोषबाट ब्यहोर्ने गरी उपभोक्ताको अंश रू. ४,००,०००।- कायम गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिकाको बसपार्क लगायत वडा कार्यालयको जग्गा, जग्गा ब्यवस्थापन गर्नका लागि देहाय बेमाजिम छुट्टा छुट्टै जग्गा ब्यवस्थापन (छनौट) सिफारिश समिति गठन गर्ने निर्णय गरियो । समितिले निम्न क्षेत्राधिकार भित्र रहि जग्गा छनौटको सिफारिश आगामी कार्यपालिका बैठक भित्र गर्ने गरी समय सिमा निर्धारण गर्ने साथै समितिको बैठक सम्बन्धी अन्य प्रकृया समिति स्वयंले निर्धारण गरे बमोजिम हुनेछ ।

विजय राज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**क) बसपार्क जग्गा व्यवस्थापन सिफारिश समिति :**

| | | |
|---|---|---|
| १. श्री शहकुलकुमार हुमागाई | वडा अध्यक्ष वडा नं. ६ | संयोजक |
| २. श्री रामचन्द्र नारनानी | वडा अध्यक्ष वडा नं. ७ | सदस्य |
| ३. श्री प्रेमकुमार सोनाम | इन्जिनीयर पनौती न.पा. | सदस्य |
| ४. प्रहरी चौकी इन्चार्ज | पनौती | सदस्य |
| ५ श्री इश्वर कार्की | सर्भेक्षक, पनौती न.पा. | सदस्य |

**ख) वडा कार्यालय जग्गा व्यवस्थापन सिफारिश समिति :**

| | | |
|---|---|---|
| १. श्री किशोर थापा | वडा अध्यक्ष वडा नं. ३ | संयोजक |
| २. श्री पुरूषोत्तम अधिकारी | वडा अध्यक्ष वडा नं. २ | सदस्य |
| ३. श्री केशव बन्जारा | वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| ४. श्री निला अधिकारी | नगर कार्यपालिका सदस्य | सदस्य |
| ५ श्री इश्वर कार्की | सर्भेक्षक, पनौती न.पा. | सदस्य सचिव |

**समितिको क्षेत्राधिकार :**

- उपयुक्त जग्गा पहिचान गर्ने ।
- पहिचान गरिएको जग्गाको क्षेत्रफल, परिप्रयोगको अवस्था, मापदण्डको प्रभाव यकिन गर्ने ।
- पूर्वाधार सडक, विद्युत खानेपानीको अवस्था खुलाउने ।
- सन्धी सर्पन पर्ने नपर्ने, कुनै बाटो घाटो, कुलो पैनी निकासमा पर्ने असर खुलाउने ।
- पहिचान गरिएको जग्गा र सोही प्रकृतिको अन्य जग्गाको तुलनात्मक बजार मूल्य बिल्लेषण गर्ने ।
- पहिचान गरिएको जग्गा क्षेत्रभित्र कतिसम्म साधनको पार्किङ्ग लगायत संरचना निर्माण गर्न मिल्छ यकिन गर्ने ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नं. १० को ~~वडा~~ नगर स्तरिय योजनाको रूपमा स्वीकृत मकैटार कुँवरटोल, दाहालटार मोटरबाटोमा बिनियोजित बजेटबाटै संचालन गर्ने गरी सम्बन्धित वडाको सिफारिशमा उक्त योजनाको नाम सहकालि डाँडा र पाँडेथुम्का इकोहोम सडक योजना संशोधन कायम गर्ने निर्णय गरियो ।

७. बिबिध :

क) खेलकुद विकास कार्यक्रममा विनियोजित रकम मध्येबाट प्रत्येक वडालाई खेलकुद गतिविधि संचालन गर्न रू. १५,०००।- का दरले निकासा गर्ने निर्णय गरियो ।

ख) मल्पी ब्बाईज क्लबले आयोजना गरेको प्रदेश स्तरिय फुटबल प्रतियोगिताका लागि प्रथम पूरूस्कार वापतको रकम रू. १ (एक) लाख मल्पी ब्वाईज क्लबलाई खेलकुद शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

ग) यस नगरपालिकाको वडा नं. ७ मा बिगतदेखि संचालन भएको गौरी शंकर ग्रामीण महिला विकास बहुउद्देश्यीय संस्थाले मनोविमर्श सम्बन्धी परामर्श कार्यक्रमलाई सहयोग पुर्‍याई दिन अनुरोध गरेकोले सो कार्यमा प्रोत्साहित

गर्ने मनोविमर्श प्रोत्साहन कार्यक्रममा विनियोजित बजेटबाट उक्त संस्थालाई रू. १,५०,०००।- (एक लाख पचास हजार) कार्यक्रम संचालन अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

घ) **बालमैत्री स्थानीय शासन कार्यक्रम** :

१. चालु बर्षका लागि बालमैत्री स्थानीय शासनमा बिनियोजन भई बाँकी रहेको बजेट रू. ३४,७५,०००।- बराबरको सामाजिक विकास समितिबाट सिफारिश भई आएको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

२. चालु बर्षका लागि नगर बाल संजालको कार्यक्रममा बिनियोजन भई बाँकी रहेको बजेट रू. १२,७५,०००।- बराबरको सामाजिक बिकास समितिबाट सिफारिश भई आएको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

ङ) घरेलु तथा साना उद्योग कार्यालयको मिति २०७५।०८।२५ को पत्रानुसार लधु उद्यमी सिर्जनाका लागि आवश्यक कार्यक्रम संचालन गर्ने वडा नं. ५ र ८ लाई छनौट गर्ने निर्णय गरियो ।

विजय राज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रतिलिपि उतार

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत